श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिए-बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

### २०२३ सालको अध्यादेश नं. ६

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परमनेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रवल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाह देव देवानाम् सदा समरविजयिनाम् ।

### जिल्ला पञ्चायत ऐनलाई संशोधन गर्न बनेको अध्यादेश

प्रस्तावनाः– जिल्ला पञ्चायत ऐन, २०१९ (यसपछि मूल ऐन भनिएको) लाई तत्काल संशोधन गर्नु आवश्यक भएको र हाल राष्ट्रिय पञ्चायतको अधिवेशन नभएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट नेपालको संविधानको धारा ५७ अनुसार यो अध्यादेश जारी गरिबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस अध्यादेशको नाम "जिल्ला पञ्चायत (चौथो संशोधन) अध्यादेश, २०२३" रहेको छ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल ऐनको दफा ३ मा संशोधनः–(१) मूल ऐनको दफा ३ को उप–दफा (२) को प्रतिबन्धात्मक वाक्यांशलाई प्रतिबन्धात्मक वाक्यांश (१) गरी त्यसपछि देहाय बमोजिमको प्रतिबन्धात्मक वाक्यांश (२) थपिएको छः–

" (२) २०२१ साल मार्ग १ गतेभन्दा अघिल्लो मितिसम्म कुनै गाउं पञ्चायत वा नगर पञ्चायतबाट खण्ड (क) र (ख) मा तोकिएको भन्दा बढी संख्यामा जिल्लासभा सदस्य छानिएको रहेछ भने सोही कारणले मात्र त्यस्ता व्यक्तिहरू जिल्लासभाको सदस्य कायम नरहेको मानिने छैन । "

(२) मूल ऐनको दफा ३ को उप–दफा (३) को सट्टा देहायको उप–दफा (३) राखिएको छः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६४२

"(३) यस दफाको उप–दफा (२) को प्रतिबन्धात्मक वाक्यांश वा दफा ७ मा जुनसुकै कुरा लेखिएको भए तापनि गाउं पञ्चायत वा नगर पञ्चायतको कुनै सदस्य जिल्ला पञ्चायत, अञ्चल पञ्चायत वा राष्ट्रिय पञ्चायतमा छानिई आफ्नो गाउं पञ्चायत वा नगर पञ्चायतमा निजको सदस्यता कायम नरहने भए तापनि जिल्ला पञ्चायत वा अञ्चल पञ्चायत वा राष्ट्रिय पञ्चायतमा निजको पदावधिसम्म र पदावधि समाप्त भए पछि सो रिक्त स्थानको पूर्तिको लागि हुने निर्वाचन समाप्त नभएसम्म दफा ९ र दफा १० को खण्ड (ग) र (घ) को अधीनमा रही जिल्ला सभामा पनि निजको सदस्यता कायमै रहनेछ र त्यसरी जिल्लासभामा निजको सदस्यता कायम रहेसम्म सम्बन्धित गाउं पञ्चायत वा नगर पञ्चायतबाट जिल्लासभामा अर्को प्रतिनिधि छानिने छैन।"

यो उप–दफा २०२१ साल मार्ग १ गतेदेखि प्रारम्भ भएको मानिनेछ।

३. मूल ऐनको दफा १४ मा संशोधनः– मूल ऐनको दफा १४ को उप–दफा (३) को सट्टा देहाय बमोजिमको उप–दफा (३) राखिएको छः–

"(३) उप–दफा (२) बमोजिम सभापति, उपसभापति र सदस्यहरूको निर्वाचनको निमित्त निर्वाचन अफिसर वा निजद्वारा अधिकार प्राप्त अधिकारीले तोकेको मिति, समय र स्थानमा जिल्ला पञ्चायतको सचिबले जिल्ला सभाको बैठक बोलाउनु पर्नेछ। त्यसरी बोलाइएको जिल्लासभाको बैठकमा उपस्थिति संख्या जम्मा सदस्य संख्याको सयकडा ५० सम्म पनि नपुगेमा अर्को पटक बैठक बोलाई जतिसुकै सदस्यहरू उपस्थित भए पनि निर्वाचन गर्न गराउन सकिनेछ। मत लिंदा मत बराबर भएमा गोला हाली निर्णय गरिनेछ।"

४. मूल ऐनको दफा १७ मा संशोधनः–मूल ऐनको दफा १७ पछि देहाय बमोजिमको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः–

" तर जिल्ला पञ्चायतको सभापति, उपसभापति तथा अन्य सदस्यहरूले शपथ ग्रहण गर्नु भन्दा अगावै पनि अञ्चलसभाको सदस्यको हैसियतले अञ्चल पञ्चायत र राष्ट्रिय पञ्चायतको लागि हुने निर्वाचनमा भाग लिन पाउनेछ।"

लालमोहर सदर मिति २०२३।१२।२१।२

आज्ञाले–
प्रद्युम्नलाल राजभण्डारी
श्री ५ को सरकारको सचिव।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।